# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) रासी उपत्यका (देउखरी), नेपाल, फागुन २२ गते, २०८० साल (अतिरिक्ताङ्क ३२

# भाग ३

## लुम्बिनी प्रदेश सरकार

### वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/११/२२ को बैठकबाट स्वीकृत भएको "**वनक्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८०** सम्बन्धित सूचना सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# वनक्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** खोलाखोल्सी व्यवस्थापन कार्य वन व्यवस्थापन (वन क्षेत्र भित्रको जग्गा व्यवस्थापन/संरक्षण) अन्तर्गतको अभिन्न अंग भएको त्यस्तै राष्ट्रिय वनक्षेत्रका खोला खोल्सीहरुको उचित व्यवस्थापन हुन नसक्दा ती खोला खोल्सीहरुमा नदिजन्य पदार्थ थुप्रिन गई वर्षातको समयमा पानीको वहाव यत्रतत्र हुन गई वनक्षेत्र, बस्ती, खेतीपातीमा नकारात्मक असर पार्ने गरेको छ । यस्तो असर न्युनीकरण गर्न वनक्षेत्र भित्र रहेका खोला, खोल्सी, खहरे लगायतको समुचित व्यवस्थापनवाट पानीको बहावलाई एकत्रित गरी निकास गर्न आवश्यक भएको,

साथै यो कार्य जलवायु परिवर्तन अनुकुलनको महत्वपूर्ण क्रियाकलाप रहेको, वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ मा खोला खोल्सी व्यवस्थापनलाई वन व्यवस्थापनको महत्त्वपूर्ण क्रियाकलापको रुपमा समावेश भएको हुँदा राष्ट्रिय वन क्षेत्रको नदिजन्य पदार्थले वन क्षेत्र, वातावरण बस्ती खेतिवालीमा नकारात्मक प्रभाव पार्ने अवस्थाको पहिचान गरी वन क्षेत्र भित्र रहेका खोला खोल्सी खहरेको व्यवस्थापन गर्नु पर्ने तथा उक्त व्यवस्थापनबाट उत्पादन हुने नदिजन्य पदार्थको संकलन व्यवस्थापन र विक्रि वितरण गर्न प्रदेश वन ऐन, २०७८ को दफा ८८, प्रदेश आर्थिक ऐन २०८० को दफा १३ र प्रदेश वन नियमावली, २०७९ को नियम ८४ समेतको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले प्रदेश वन ऐन, २०७८

को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "**राष्ट्रिय वन**" भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन धार्मिक वन, कबुलियति वन, प्रदेश भित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वनलाई जनाउछ।

(ख) "**वन क्षेत्र**" भन्नाले निजि स्वामित्वको हकभोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलागाइएको वनले घेरिएको वा वन भित्र रहेको घासे मैदान, खर्क, हिउले ढाकिएको वा नढाकिएको नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदि, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ग) "**नदिजन्य पदार्थ**" भन्नाले वनक्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन गर्दा उत्पादन हुने ढुंगा, गिट्टी, गेग्रान, वालुवा लाई जनाउँछ ।

(घ) "**ऐन**" भन्नाले प्रदेश वन ऐन, २०७८ सम्झनु पर्छ।

(ङ) "**कार्यालय**" भन्नाले प्रदेश सरकारको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालय सम्झनु पर्छ ।

(च) "**घाटगद्दी**" भन्नाले खोलाखोल्सी व्यवस्थापन गर्दा उत्पादन भएका नदिजन्य पदार्थ नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्छ ।

(छ) "**मन्त्रालय**" भन्नाले प्रदेश सरकारको वन सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "**आम्दानी**" भन्नाले वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन गर्दा उत्पादित नदिजन्य पदार्थ बिक्रीबाट प्राप्त हुने रकम सम्झनु पर्छ ।

(झ) "**स्थानीय तह**" भन्नाले खोलाखोल्सी व्यवस्थापन कार्य संचालन भएको गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

३. **खोलाखोल्सी व्यवस्थापनको लागि क्षेत्र छनौट**: कार्यालयले खोलाखोल्सी व्यवस्थापनका लागि क्षेत्र छनौट देहायको आधारमा गर्नु पर्नेछ:-

(क) नदिजन्य पदार्थ थुप्रिन गई सोको कारणले खोला र खहरेले धार परिवर्तन भएको वा हुन सक्ने, खोला खहरे गहिरो भएको, खोला र खहरेमा किनार कटान गरी वन क्षेत्र, बस्ती तथा भौतिक संरचनामा क्षति उत्पन्न हुनसक्ने अवस्था सिर्जना भएको स्थान।

(ख) खोला र खहरेका कारण नदिजन्य पदार्थ वन क्षेत्रमा फैलन वा थुप्रिन गई हैसियतमा प्रतिकूल असर परेका वन क्षेत्र।

(ग) स्वीकृत आवधिक वन व्यवस्थापन योजना वा सम्बन्धित वन कार्ययोजनामा खोला खहरे व्यवस्थापन गर्ने भनी तोकिएका स्थान तथा क्षेत्र।

४. **<u>कार्ययोजना तयारी, स्वीकृती र कार्यान्वयनः</u>** (१) कार्यालयले आफ्नो कार्य क्षेत्रभित्र देहायका विषय समावेश गरी खोलाखोल्सी व्यवस्थापन सम्बन्धमा दफा (३) बमोजिम छनौट भएका क्षेत्रको संक्षिप्त कार्ययोजना बनाउनु पर्नेछः-

(क) व्यवस्थापन गरिने क्षेत्रको नक्सा,

(ख) संचालन गरिने व्यवस्थापन क्रियाकलापहरु तथा सोको अनुमानित परिमाण र लागत,

(ग) प्रयोग हुने मेशिनरी औजार तथा साधन,

(घ) व्यवस्थापनका क्रममा संकलन हुने नदिजन्य पदार्थको अनुमानित परिमाण,

(ङ) भण्डारण वा घाटगद्दी स्थल र सो को सुरक्षा व्यवस्था,

(च) वातावरणीय व्यवस्थापन योजना,

(छ) प्राप्त हुने अनुमानित आम्दानी,

(ज) ढुवानी गरिने बाटो,

(झ) अन्य आवश्यक विषयहरु ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन तथा कवुलियती वन क्षेत्रवाट वग्ने खोला खोल्सीको हकमा सामुदायिक वन उपभोक्ता समुहले कार्ययोजना तयार गरी स्वीकृतीको लागि डिभिजन वन कार्यलयमा पेश गर्नु पर्नेछ ।

(३) पेश हुन आएको कार्ययोजना उपर आवश्यक जाँच वुझ गरी आवश्यकता अनुसार परिमार्जन समेत गर्न लगाइ डिभिजनल वन अधिकृतले ७ (सात) दिन भित्र स्वीकृत गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम साझेदारी वन, चक्ला वन तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रवाट वग्ने खोला खोल्सीको हकमा डिभिजनल वन अधिकृतले कार्ययाजना तयार गरी स्वीकृतिको लागि वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(५) पेश हुन आएको कार्ययोजना उपर आवश्यक जाँचवुझ गरी आवश्यकता अनुसार परिमार्जन समेत गर्न लगाइ प्रदेश वन निर्देशकले १५(पन्ध्र) दिन भित्र स्वीकृत गर्नु पर्नेछ ।

(६) सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, चक्ला वन तथा सरकारद्वारा व्यवस्थित वनका कार्ययोजना स्वीकृत भए पश्चात स्वीकृत कार्ययाजना बमोजिम डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

५. **<u>वातावरणीय व्यवस्थापन योजना:</u>** राष्ट्रिय वन क्षेत्र भित्रको खोला खोल्सी व्यवस्थापन कार्य वन व्यवस्थापनको अभिन्न अंग भएकाले खोलाखोल्सीले किनारा कटान गर्ने, गेग्रान थुप्रिने, धार परिवर्तन हुने जस्ता कार्यबाट पर्न जाने नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गरी वन क्षेत्रबाट बग्ने खोला खोल्सीको प्रभावकारी व्यवस्थापन एवम् सो क्रममा संकलन हुने नदिजन्य पदार्थको उचित सदुपयोगका लागि कार्यालयले वातावरणीय व्यवस्थापन योजना तयार गरी कार्ययोजनामा समावेश गर्नुपर्ने छ । वातावरणीय व्यवस्थापन योजना कार्ययोजनाको एक अलग्गै खण्ड हुनेछ र वातावरणीय व्यवस्थापन योजनामा निम्न विषयहरु समावेश गर्नुपर्ने छः-

क) खोला खोल्सी व्यवस्थापन कार्य गरिने क्षेत्रको चारकिल्ला र क्षेत्रफल सहितको नक्सा,

ख) कार्यक्रम सञ्चालनबाट पर्न सक्ने नकारात्मक प्रभाव,

ग) प्रभाव न्यूनिकरणका लागी अपनाईने क्रियाकलापहरु,

घ) आवश्यक जनशक्ति, श्रोत साधन र बजेट ।

६. **<u>खोलाखोल्सी व्यवस्थापन क्रियाकलापहरु:</u>** खोलाखोल्सी व्यवस्थापन कार्य अन्तर्गत अनूसूची -१ बमोजिमका कार्यहरु गर्नुपर्ने छ ।

७. **खोलाखोल्सी व्यवस्थापन कार्ययोजना कार्यान्वयन:** (१) कार्यालयले कार्ययोजना अनुसारका क्रियाकलाप संचालन गर्दा नियमानुसार लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेछ ।

(२) खोलाखोल्सी व्यवस्थापन कार्य सार्वजानिक खरिद ऐन नियम बमोजिम अमानत, वन उपभोक्ता समुह वा ठेक्का प्रकृयाबाट गर्न सकिनेछ ।

८. **औजार तथा उपकरणको प्रयोग:** (१) खोलाखोल्सी व्यवस्थापनका क्रियाकलाप संचालनका क्रममा आवश्यकता अनुसार स्काभेटर जस्ता हेभी इक्वीपमेन्टको प्रयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम हेभी इक्वीपमेन्टको प्रयोग गर्दा वन क्षेत्रको वातावरणमा प्रतिकुल असर नपर्ने गरि प्रयोग गर्नु पर्नेछ ।

९. **उत्पादन भएका नदीजन्य पदार्थको सदुपयोग एवम् बिक्री वितरण:** (१) डिभिजन वन कार्यालयले खोलाखोल्सी व्यवस्थापनका स्वीकृत क्रियाकलापहरु संचालनका क्रममा उत्पादन भई घाटगद्दी गरिएको नदिजन्य पदार्थको अभिलेख राखि अन्य वन पैदावार सरह प्रचलित कानुन वमोजिम बिक्रि गर्नु पर्नेछ।

तर माथि जुन सुकै कुरा लेखिएको भएतापनि देहाय वमोजिम गर्न वाधा पर्ने छैन

(क) सम्बन्धित वन समुहको वन संरक्षण र व्यवस्थापन कार्यका लागि स्वीकृत लागत अनुमान वमोजिमको परिमाणमा डिभिजन वन कार्यालयको सहमतिमा संकलन खर्च लिई नदिजन्य पदार्थ उपलब्ध गराउन ।

(ख) सामुदायिक वा साझेदारी वनबाट उत्पादित नदिजन्य पदार्थ उक्त समुहका उपभोक्ताहरुलाई घरायसी प्रयोजन तथा समुह भित्रका जनसहभागितामुलक विकास निर्माण कार्यका लागि आवश्यक भएमा सम्बन्धित समुहको निर्णय र सिफारिसमा डिभिजन वन कार्यालयले राजश्व र संकलन खर्च लिई उपलब्ध गराउन।

(ग) वार्षिक स्वीकृत कार्यक्रम बमोजिमका नर्सरी निर्माण, अग्नी रेखा निर्माण तथा मर्मत, कार्यालयका भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती जस्ता विकास निर्माण कार्यहरुका लागि कार्यालयलाई आवश्यक पर्ने नदिजन्य पदार्थ लगत राखी आवश्यकता अनुसार प्रयोग गर्न ।

**१०. <u>ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः</u>** (१) खोला खोल्सी व्यवस्थापन कार्यमा प्रयोग गरिने सवारी साधनहरुले तोकिएको मार्ग मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) यस्तो मार्ग डिभिजनल वन अधिकृतले तोक्नु पर्नेछ । मार्ग तोक्दा वन क्षेत्रमा क्षति नहुने गरी तोक्नु पर्नेछ ।

**११. <u>आम्दानी बाँडफाँड सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यालयले यस कार्यविधि बमोजिम उत्पादन हुने पैदावरको बिक्रीबाट प्राप्त रकम देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ।

(क) समुहको वनक्षेत्रको हकमा दश प्रतिशतले हुन आउने रकम सम्बन्धित वन उपभोक्ता समूहको खातामा,

(ख) खण्ड (क) बाहेकको ९० प्रतिशत र अन्य राष्ट्रिय वनक्षेत्रबाट प्राप्त हुने १०० प्रतिशत रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने छ । विभाज्य कोषबाट सम्बन्धित स्थानिय तहलाई २५ प्रतिशत र प्रदेश सञ्चित कोषमा ७५ प्रतिशत रहने गरि बाँडफाँट हुनेछ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको रकम तत्काल बाँडफाँड गर्न नसकिने भएमा त्यस्तो रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी आगामी वर्षको राजस्व बाँडफाँड वा अन्य वार्षिक कार्यक्रम मार्फत प्रदेश सरकारले स्थानिय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

**१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u>:** कार्यालयले यस कार्यविधि बमोजिम भए गरेका क्रियाकलापहरुको प्रगती प्रतिवेदन मासिक रुपमा निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

**१३. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>:** यस कार्यविधि बमोजिम भए गरेका कार्यक्रमको अनुगमन प्रदेश वन निर्देशनालय र मन्त्रालयले गर्नु पर्नेछ।

**१४. <u>आवश्यक सहयोग लिन सकिने :</u>** यस कार्यविधिको कार्यान्वयनमा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको सहयोग लिन सकिनेछ।

**१५. <u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ प्रदेश सरकारले फुकाउन सक्नेछ।

**१६. <u>प्रचलित कानुन बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ र यस कार्यविधिले गरेको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**१७. <u>बचाउः</u>** यो कार्यविधि प्रारम्भ हुनुपूर्व प्रचलित कानुन बमोजिम वनक्षेत्रको खोलाखोल्सी व्यवस्थापनसँग भए गरेका कामकारबाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची - १

दफा ६ सँग सम्बन्धित

**खोला खोल्सी व्यवस्थापन सम्बन्धी संभाव्य क्रियाकलापहरुको सूची**

- खोलाखोल्सी किनार कटान संरक्षणका लागि सुख्खा ढुङ्गाको तटवन्ध, स्पर निर्माण, ढुङ्गा छाप्ने, बाँस, केरा, अम्रिसो रोपण जस्ता बायोइन्जिनियरिंग क्रियाकलापहरु।
- पानीको बहाव एकत्रित सम्बन्धी क्रियाकलापहरु जस्तै बहाव अवरोध गर्ने वस्तुहरु हटाउने वा किनारा लगाउने कार्य आदि ।
- खोला खहरेमा भल पोखरी, थिग्राउने पोखरी, गेग्रान रोक्ने बाँध आदि निर्माण गर्ने कार्य ।
- ठुला ठुला ढुंगाहरु किनारमा राखेर थुपारी किनारा संरक्षण गर्ने कार्य।
- पानीको बहाव नियमन गर्न आवश्यक पर्ने मात्रामा नदिजन्य पदार्थ खनी हटाउने कार्य र आवश्यकतानुसार सोको संकलन, सदुपयोग र व्यवस्थापन गर्ने कार्य ।
- खोला खहरेको पिंध गहिरिने स्थानमा ढुङ्गा छाप्ने जस्ता कार्य ।

**आज्ञाले,**

**(मोहनराज काफ्ले)**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय